**वित्तीय साक्षरता:** वैदेशिक रोजगारबाट प्राप्त भएको कमाइ (विप्रेषण) लाई सदुपयोग गर्न र सही वित्तीय निर्णयहरू लिन सक्षम बनाउन आवश्यक ज्ञान तथा सीप वित्तीय साक्षरता कार्यक्रमले प्रदान गर्नेछ । यस कार्यक्रममा परिवार ब्यवस्थापन, वित्तीय लक्ष्य निर्धारण, आय व्यय विश्लेषण, पारिवारिक बजेट, बचत वृद्धि, ऋण, उद्यमशिलता तथा जोखिम न्यूनिकरण र मनोसामाजिक परामर्शका विषयवस्तूहरू सहित २४ वटा कक्षाहरू समावेश गरिएका छन् । यसले वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरू, विशेषगरी महिलाहरूलाई लक्षित गरेको छ । परियोजनाले १५६ तालिम प्राप्त सहजकर्ता परिचालन गरी ४६,८०० जना ब्यक्तिहरूलाई वित्तीय साक्षर बनाउने लक्ष्य लिएको छ ।








"सीप विकास तालिमले गर्दा मैले कतारमा सहायक ईलेक्ट्रिसीयनका रूपमा काम गर्न पाएँ । हाल म मासिक नेपाली रूपैयाँ ७०,००० (अक्षेरूपी सत्तरी हजार) भन्दा बढी कमाउँछु," सरोज कोइराला, खोटाङ ।

"मैले खाडी मुलुकमा काम गर्दा संगालेको अनुभव महत्वपूर्ण सावित भएको छ । उक्त अनुभवले गर्दा कतारवाट फर्काईएका एक कामदारलाई क्षतिपूर्ति दिलाउन सफल भएँ," वैदेशिक रोजगारवाट फर्केर स्वयंसेवकको रूपमा कार्यरत, तपेश्वर राउत ।




नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार विकास सहयोग एसडिसि











# सुरक्षित आप्रवासन परियोजना (सामी) तेस्रो चरण

HELVETAS NEPAL

SaMi Safer Migration Project

# पृष्ठभूमि



वैदेशिक रोजगारीको विषय नेपाली समाजको एउटा महत्वपूर्ण पाटो हो । वैदेशिक रोजगार विभागका अनुसार सन् २००८/२००९ पछिको एक दशक अवधिमा ४० लाख भन्दा बढी नेपालीले श्रम स्वीकृती प्राप्त गरेका छन् । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण नेपालको कुल गार्हस्थ उत्पादन (GDP) को करिव एक-तिहाई बराबरको अनुपातमा रहेको छ । वैदेशिक रोजगारीले देशमा गरीबी घटाउन ठुलो योगदान पुऱ्याएको छ, साथै वैदेशिक रोजगारीका धेरै फाइदाहरुका अतिरिक्त यसको प्रक्रियामा धेरै जटिलता छन् र यसको सामाजिक लागत पनि बढ्दो छ ।

वैदेशिक रोजगारीको क्रममा ठगीमा पर्ने, झुठो आश्वासन, कबुल गरे भन्दा फरक काम तथा फरक सेवा-सुविधा हुने अवस्था छ, जसका कारण कतिपय अवस्थामा लागत भन्दा प्रतिफल न्यून भएको छ ।

वैदेशिक रोजगारीमा पुरुष तथा महिला दुबैले विभिन्न समस्याहरू सामना गर्नु परेको छ । वैदेशिक रोजगारीमा जाने महिलाहरूका आफ्नै समस्या छँदैछन्, घरमा रहेका महिलाहरू पनि घरायसी कामको थप बोझ र थप जिम्मेवारी बहन गर्न बाध्य भएका छन् । केहि महिलाहरू आफ्नै समाजमा अपहेलित भएका छन् भने केहि उत्पीडन तथा अनावश्यक लान्छनाको शिकार समेत भएका छन् । वालवालिका र बृद्धबृद्धाहरू पनि वैदेशिक रोजगारीबाट सिर्जित समस्याहरूबाट प्रभावित भएका छन् ।

स्वदेशमा नै रोजगारीको अवसर सृर्जना गर्न तथा वाध्यात्मक वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र ब्यवस्थित बनाई अधिक प्रतिफल वृद्धि गर्न र सामाजिक लागतलाई कम गर्न नेपाल सरकारले विभिन्न पहलहरू गरिरहेको छ । यसका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई वैदेशिक रोजगारी सम्बन्धी महत्वपूर्ण जिम्मेवारीहरू प्रदान गरेको छ ।

सुरक्षित आप्रवासन परियोजना (सामी) तेस्रो चरण, नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय संझौता अन्तर्गत सञ्चालित कार्यक्रम हो । श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय र ३९ जिल्लाका १५६ स्थानीय सरकारहरूको नेतृत्वमा यो कार्यक्रम सञ्चालनमा रहेको छ । गुणस्तरीय कार्यक्रम सञ्चालनको लागि हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ ।

नेपालको सङ्घीय प्रणालीलाई संस्थागत गर्न मद्धत गर्दै वैदेशिक रोजगारीका क्षेत्रमा सुशासन कायम गर्न यस कार्यक्रमले सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ । जसका लागि यस कार्यक्रमले तीनै तहका सरकारहरूसंग सहकार्य गरिरहेको छ । त्यसैगरी विगतमा जस्तै कार्यक्रमको तेस्रो चरणका सिकाईहरू पनि क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरका वैदेशिक रोजगार तथा आप्रवासन सम्बन्धी नीति निर्माणका लागि हुने छलफलहरूमा सहयोगी बन्न सक्नेछन् ।

# मूल लक्ष्य तथा अपेक्षित उपलब्धिहरू

वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरू र तिनका परिवारको उचित संरक्षण गर्ने, गन्तव्य मुलुकमा सुरक्षित र सम्मानजनक रूपमा काम गर्न सक्ने गरी कामदारलाई सूचना, सीप, परामर्श लगायतका सहयोग प्रदान गर्ने र वैदेशिक रोजगारमा सम्वद्ध निकायहरूको क्षमता अभिवृद्धि मार्फत वैदेशिक रोजगारीका प्रतिफल बृद्धि गर्ने ।

राज्यका तीन वटै सरकारी संयन्त्रको प्रभावकारी प्रयोग गरी वैदेशिक रोजगारीमा रहेका कामदार र तिनका परिवारको उचित संरक्षण गरिनेछ ।

वैदेशिक रोजगारीमा रहेका महिला तथा पुरुष कामदार र उनका परिवार तथा सीमान्तकृत समुदायको वैदेशिक रोजगारीबाट प्राप्त हुने प्रतिफल (लाभ) मा वृद्धि हुनुका साथै सामाजिक दुष्प्रभाव न्यूनीकरण भएको हुनेछ ।

यस परियोजनाले वैदेशिक रोजगारीको चक्रलाई सुरक्षित, ब्यवस्थित र मार्यादित बनाउन चुस्त र प्रभावकारी सेवा प्रदान गर्नेछ

परियोजनाले नेपालको सङ्घीय प्रणालीलाई संस्थागत गर्न मद्धत गर्दै वैदेशिक रोजगारीका क्षेत्रमा सुशासन कायम गर्न सघाउ पुऱ्याउनेछ

## सामी दोस्रो चरणका उपलब्धिहरू




# परियोजनाका मुख्य क्रियाकलाप

**सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जानकारी तथा सचेतना अभिवृद्धि:** सचेतना अभिवृद्धि तथा जानकारीयुक्त वैदेशिक रोजगारीको छनौटलाई टेवा पुऱ्याउन यस कार्यक्रमले विभिन्न प्रक्रिया तथा प्रणालीको विकास गरेको छ । कार्यक्रम सञ्चालन भएका जिल्लाका जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालय (जहाँबाट राहदानी वितरण गरिन्छ) भित्र स्थापित आप्रवासी स्रोत केन्द्रहरूले वैदेशिक रोजगारीमा जाने सम्भावित ब्यक्तिहरूलाई वैदेशिक रोजगार सम्बन्धी आवश्यक विषयहरुमा सूचना दिनुका साथै सम्बन्धित सेवा तथा सुविधाका बारेमा जानकार बनाइ ती सुविधा प्राप्त गर्न सहयोग तथा सहजिकरण गर्दछन् । परियोजनाले रेडियो, सामाजिक अगुवा, सामाजिक परिचालक तथा आप्रवासी हकहित सञ्जालहरूलाई परिचालन गर्नुका साथै वैदेशिक रोजगारबाट फर्किएका ४६८ ब्यक्तिहरूलाई स्वयम् सेवकका रूपमा परिचालन गरी करिब ९ लाख ब्यक्तिहरूमा सूचना प्रवाह गर्ने लक्ष्य लिएको छ ।

**प्रस्थान पूर्वको सीपमूलक तालिम:** कार्यक्रमको अनुभवले देखाएको छ कि वैदेशिक रोजगारीमा जाने ब्यक्तिहरूले प्रारम्भिक सीप आर्जन गरेर वैदेशिक रोजगारीमा जाँदा उनिहरुले दक्षता र स्थायित्व प्राप्त गर्नुका साथै बढी सेवा सुविधा पाउने, सुरक्षित हुने र नेपालमा फर्किए पछि पनि सीपको उपयोग गर्ने सम्भावना बढी रहन्छ । सटरिङ्ग कार्पेन्टर, स्काफोल्डर, प्लम्बर, इन्डष्ट्रियल इलेक्ट्रीसियन, मेशन, गार्मेन्ट मेसिन अपरेटर (महिलाको लागि) जस्ता कामका लागि यस परियोजनाले एक महिने आवासीय नि:शुल्क सीपमूलक तालिम प्रदान गरिरहेको छ । यस्ता तालिमका लागि बनाइएका पाठ्यक्रममा जीवनउपयोगी सीप र स्वास्थ्य सम्बन्धी महत्वपूर्ण जानकारी समेत समेटिएको छ । तालिमका पाठ्यक्रमहरु वैदेशिक रोजगार बोर्डद्वारा स्वीकृत भई लागू भएका छन् । तेस्रो चरणमा परियोजनाको बजेटबाट ७,००० जना सहित वैदेशिक रोजगार बोर्डलाइ दिइने प्राविधिक सहयोगमा जम्मा २७,००० ब्यक्तिहरूलाई सीपमूलक तालिम प्रदान गर्ने लक्ष्य राखिएको छ ।

**कानुनी सहयोग र न्यायमा पहुँच:** ठगि र उत्पीडनमा परेका वैदेशिक रोजगारीमा रहेका, जाने सम्भावना भएका वा वैदेशिक रोजगारको सिलसिलामा समस्या ब्यहोरेका ब्यक्ति तथा तिनका परिवारका सदस्यहरूलाई न्यायमा पहुँच पुऱ्याउन सहयोग गर्नु पनि कार्यक्रमको अर्को महत्वपूर्ण क्षेत्र हो । कानुनी सहयोगका लागि स्थापित संयन्त्रले आप्रवासी कामदारहरूलाई उनीहरूको हक अधिकारका बारेमा जानकारी गराउँछ र ठगि गर्ने ब्यक्ति वा कम्पनीलाई सम्वन्धित न्यायिक निकायहरू मार्फत कारवाहीको दायरामा ल्याई पिडीतलाई क्षतिपूर्ति र राहत उपलब्ध गराउन सहजिकरण गर्दछ । त्यसैगरी यस कार्यक्रमले वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा समस्यामा परेका नेपाली नागरिकहरूको उद्दार तथा न्यायिक सहयोगका लागि नेपाली कुटनैतिक नियोग तथा अन्य सरोकारवालाहरूसंग समन्वय गर्दछ । यस कार्यक्रमले १५,००० ब्यक्तिहरूको न्यायमा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ ।

**मनो-सामाजिक परामर्श:** वैदेशिक रोजगारीका कारण सिर्जना भएका मनोसामाजिक समस्याहरूलाई समाधान वा न्यूनिकरण गर्न सक्षम बनाउन आप्रवासी एवम् तिनका परिवारलाई यस कार्यक्रमले मनो-सामाजिक परामर्श प्रदान गर्दछ । परियोजना अन्तर्गतका प्रशिक्षित १५६ जना मनोसामाजिक परामर्शकर्ताहरू (Psychosocial Counselors) ले समुदायस्तर र घरघरमा समेत गई परामर्श सेवा उपलब्ध गराउँछन् । परियोजनाले ब्यक्तिगत परामर्शका माध्यमबाट ७,५०० जना र समुह परामर्श मार्फत ४६,८०० जना ब्यक्तिहरूलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने लक्ष्य लिएको छ ।